नेपाल सरकार
राष्ट्रिय चिया तथा कफी विकास बोर्ड
# चिया तथा कफी विकास कार्यालय
बङ्गडाँडा, प्यूठान

## कफी डेमोन्स्ट्रेसन प्लट स्थापना सहयोग कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति: २०८१/०९/१९**

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, चिया तथा कफी विकास कार्यालय प्यूठानको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लोकमार्ग केन्द्रित कफी डेमोन्ट्रेशन प्लट निर्माण सहयोगका लागि कार्यक्रम स्वीकृत भएको हुँदा "कफी डेमोसट्रेसन प्लट स्थनपना सहयोग कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१" मा भएको व्यवस्था अनुसार १० रोपनी क्षेत्रफलमा नमुना कफी बगाँचा स्थापना गर्न इच्छुक कृषक, फर्म, कृषक समुह वा सहकारीहरुको लागि यो सूचना प्रकाशित गरिएको छ । इच्छुक निवेदकहरुलाइ तपशिल बमोजिमका कागजातहरु संलग्न गरी यो सुचना प्रकाशन भएको ३५ दिन भित्र निवेदन पेश गर्न सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रम कार्यान्वयन हुने जिल्लाहरु |
|---|---|---|
| १. | मध्यपहाडी लोकमार्ग केन्द्रित कफी डेमोसट्रेसन प्लट (१० रोपनीको नमुना कफी बगैंचा) निर्माण सहयोग कार्यक्रम । | रुकुम पश्चिम, जाजारकोट, दैलेख, अछाम, डोटी, डडेलधुरा र बैतडी जिल्ला । |
| २. | लुम्बिनी प्रदेशका कफी उत्पादन हुने संभावित जिल्लाहरुमा कफी डेमोसट्रेसन् प्लट (१० रोपनीको कफी बगाँचा) निर्माण सहयोग कार्यक्रम । | रुकुम पुर्व, गुल्मी, पाल्पा, प्यूठान, अर्घाखाँची र रोल्पा जिल्ला । |

तपशिल:

१. अनुसूची-४ बमोजिमको निवेदन ।

२. कृषकको हकमा नागरिकताको प्रतिलिपी, फर्म/कृषक समुह/ सहकारीको हकामा दर्ता प्रमाणपत्रको प्रतिलिपी र आधिकारीक व्यतिको नागरिकताको प्रतिलिपी ।

३. रोपण गर्न प्रस्तावित जग्गाको लालपुर्जाको छाँयाँकपी तथा नापी बिभागको नक्साको प्रतिलिपी वा जग्गा भाडाँमा भए १० वर्षसम्म भाडामा लिएको सम्झौताको प्रतिलिपी ।

४. व्यतिगत वा संस्थागत पान नं. (स्थायी लेखा नम्वर) को प्रमाणपत्रको प्रतिलिपि ।

५. संस्थागत भए कार्यक्रम संचालनसँग सम्बन्धित निर्णय तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

६. सम्बन्धित स्थानिय तह वा वडको सिफारिस (कफी सम्बन्धि कार्यक्रम समेत खुल्ने गरि) ।

७. विदेशबाट फर्केको भए सो सम्बन्धि पार्सपोर्ट वा अन्य कागजातको प्रतिलिपी ।

८. कफी तथा कृषि सम्बन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपी ।

कार्यविधि, अनुसूची एवम् विस्तृत विवरणको लागि बोर्डको/कार्यालयको सूचना पाटी वा वेभसाइट www.teacoffee.gov.np मा हेर्न सक्नु हुनेछ । थप जानकारीका लागि फोन नं. ०१-५९०७१२०/९८५१३२०६५२/९८६१८१९१९३ Email Id: pyuthan@ntcdb.gov.np

शर्तहरु:

कार्यालयले तयार गरेको मापदण्ड/लागत स्टिमेट र कार्ययोजना अनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

चन्द्र प्रकाश बस्नेत
निमित्त कार्यालय प्र

पुरवल टुडे राष्ट्रिय दैनिकमा प्रकाशित भएको।

नेपाल सरकार

# राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

(राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ अन्तर्गत स्थापित)

## चिया तथा कफी विकास कार्यालय

बड्डाँडा, प्यूठान

प.सं.: २०८१/०८२
च.नं.: 38

मिति :२०८१/०८/१९

सुनिलस्मृति गाउँपालिकाको कार्यालय
दर्ता नं. 92५3
मिति: 2081/05/29
समय:

१. श्री राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, किर्तिपुर काठमान्डौं।
2. श्री स्थानिय तह सबै (रुकुम पश्चिम, जाजारकोट, दैलेख, अछाम, डोटी, डडेलधुरा र बैतडी जिल्ला)
3. श्री स्थानिय तह सबै ( रुकुम पुर्व, गुल्मी, पाल्पा, प्यूठान, अर्घाखाँची र रोल्पा जिल्ला )

**विषय: सुचना टाँस गरिदिने बारे।**

उपरोक्त सम्बन्धमा चिया तथा कफी विकास कार्यालय बड्डाँडा प्युठानको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत मध्यपहाडी लोकमार्ग केन्द्रित कफी डेमोसट्रेसन प्लट (१० रोपनीको नमुना कफी बगैंचा) निर्माण सहयोग कार्यक्रम र लुम्विनी प्रदेशका कफी उत्पादन हुने संभावित जिल्लाहरुमा कफी डेमोसट्रेसन् प्लट (१० रोपनीको कफी बगौँचा) निर्माण सहयोग कार्यक्रम वुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८१/०९/१९ मा प्रकाशित गरिएको छ । सो सुचना त्यहाँ कार्यालयको website र सुचना बोर्ड वा कार्यालयको आधिकारिक सामाजिक संजालमा समेत प्रस्ट्याइदिनु हुन अनुरोध छ।

श्री प्रशासन
आवश्यक कार्यार्थ
2081/05/29

( चन्द्र प्रकाश बस्नेत )
नि.कार्यालय प्रमुख

चन्द्र प्रकाश बस्नेत
निमित्त कार्यालय प्रमुख

Email: pyuthan@ntcdb.gov.np
Website: www.teacoffee.gov.np